गाउँसभाका आदरणिय अध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु,

नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजलाई स्मरण गर्दै नागरिक सर्वोच्चता लागि विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा घाइते हुनुभएका सम्पूर्ण योद्धाहरुको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु। उहाँहरुको बलिदान यस राष्ट्रका लागि चिरस्मरणीय र प्रेरणाको अक्षय स्रोत बनिरहनेछ। उहाँहरुको त्याग,साहस र बलिदान लाई परिणामुखी शासन मार्फत सार्थक बनाइनेछ भन्नेमा विस्वस्त छु।

आदरणीय सदस्यहरु,

१.गाउँपालिका भित्र रहेका प्रमुख सडक सञ्जालको स्तरोन्नति लाई विशेष प्राथमिकताका साथ राखिनेछ।

२. गाउँपालिका भित्र सबै वडाहरु लाई जोड्ने सडकहरु लाई बाह्रै महिना सञ्चालन हुने गरी व्यस्थापन गरिनेछ।

३. नागरिकका घरदैलोमा नियमित रुपमा हिँडडुल गर्नका निम्ति सहज हुने गरी गोरेटोबाटो को विस्तारका कार्य लाई निरन्तरता दिइनेछ।

४. गाउँपालिका भित्र निर्मित सार्वजनिक संरचनाहरुको नियमित मर्मत सम्भारका लागि उचित बजेटको व्यवस्था गरिनेछ।

५. नागरिकताको आवश्यकता र माग अनुसार ग्रामिण सडक,गोरेटो बाटो, सिँचाई पूर्वाधार, ट्रस पुल, सामुदायिक भवन र खानेपानीका संरचनाहरुको निर्माण लाई निरन्तरता दिइनेछ।

छवि लामा
अध्यक्ष

६. विपद बाट हुने क्षति न्यूनिकरणका निम्ति आवश्यक पूर्वाधार र संरचना निर्माणका निम्ति उचित बजेटको व्यवस्था गरिनेछ।

७. पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप संघ तथा प्रादेशिक निकायहरु सँग समन्वयात्मक ढंगले कार्य गरिनेछ।

**आदरणीय सदस्यहरु,**

८. आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण का लागि गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

९. स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामग्रीको नियमित उपलब्धता सुनिश्चित गरिनेछ।

१०. न्यूनतम सेवा मापदण्ड (MSS) कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ र स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन, सुपरिवेक्षण तथा सेवा गुणस्तर मूल्याङ्कन गरिनेछ।

११. सुरक्षित मातृत्व तथा संस्थागत सुत्केरी सेवामा सबै गर्भवती महिलाको पहुँच सुनिश्चित गरिनेछ।

१२. पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ र खोप छुट भएका बालबालिकाको खोज तथा पूर्ण खोप अभियान सञ्चालन गरिनेछ।

१३. सुनौलो हजार दिनका आमा तथा बालबालिका लक्षित पोषण कार्यक्रमलाई निरन्तरता दिइ, कुपोषणको पहिचान, उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

१४. क्षयरोग, कुष्ठरोग, HIV/AIDS लगायतका सरुवा रोगहरूको रोकथाम, पहिचान तथा उपचार कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

छवि लामा
अध्यक्ष

१५. तिस वर्षमाथिका नागरिकहरूको उच्च रक्तचाप, मधुमेह, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा मिर्गौला सम्बन्धिका रोग लगायत नसर्ने रोगहरूको नियमित परीक्षणका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ।

१६. HPV DNA विधिबाट पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिनेछ।

१७. स्वयंसेविकामार्फत समुदायमा स्वास्थ्य शिक्षा, पोषण, खोप तथा परिवार नियोजन सम्बन्धी कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ।

१८. विपन्न तथा जोखिममा रहेका परिवारहरूलाई स्वास्थ्य बीमामा आबद्ध गराउन विशेष पहल गरिनेछ।

१९. सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरण प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनुका साथै डेङ्गु, स्क्रब टाइफस तथा अन्य भेक्टरजन्य रोग नियन्त्रणका लागि समुदायमा सचेतना तथा सरसफाइ अभियान सञ्चालन गरिनेछ।

२०. स्वास्थ्य तथ्याङ्कको गुणस्तर सुधार तथा डिजिटल स्वास्थ्य सूचना प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**आदरणीय सदस्यहरु,**

२१. २०८२ को एस.इ.इ परीक्षामा ८६ प्रतिशत विद्यार्थि उत्तीर्ण गर्न सफल रहि जिल्लामै प्रथम स्थान हासिल गर्न सफल यस वैतेश्वर गाउँपालिका उक्त नतिजाको निरन्तरताका लागि शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रमको लागि बजेटको व्यवस्थापन गरिनेछ ।

छवि लामा
अध्यक्ष

२२. शिक्षा योजना कार्यान्वयन, विद्यालय अनुगमन तथा सुपरिवेक्षण र बदलिँदो समय अनुरुप शिक्षकहरुको क्षमता विकास गर्नका निम्ति आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ।

२३. शिक्षक कर्मचारी मैत्री खेलकुद प्रतियोगिता आयोजना गरिनेछ।

२४. प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तीका छपाइको लागि बजेट व्यवस्था गरिनेछ।

२५. विद्यार्थीहरुको सर्वाङ्गिणी विकासको लागि प्रतिभा पहिचान कार्यक्रमको आयोजना गरिनेछ।

**आदरणीय सदस्यहरु,**

२६. परम्परागत कृषि प्रणाली लाई व्यवसायिक कृषि प्रणालिमा रुपान्तरण गर्न ज्ञान, सिप तथा उन्नत प्रविधिको प्रसारमा जोड दिइनेछ।
२७. खाद्यान्न बाली र आलु बालीको बीउ उत्पादन लाई प्रोत्साहित गर्नका निम्ति आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
२८. रासायनिक विषादिको प्रयोग लाई न्यूनिकरण गर्नका निम्ति आवश्यक जनचेतनामुलक कार्यक्रमको व्यवस्था गरिनेछ।
२९. समूदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम लाई प्रदेश सरकार सँगको साझेदारीमा निरन्तरता दिईनेछ।
३०. स्थानियस्तरमा रहेका साना किसानहरु लाई लक्षित गरी कृषकले गरिरहेको खेति लाई व्यवस्थित बनाउनका निम्ति साना किसान लक्षित कृषि सेवा प्रवाह लाई प्रभावकारी बनाइनेछ।
३१. किवी, आलु, अलैंची, तरकारी, पुष्प खेति र अन्य नगदे बालीको खेति विस्तारका लागि अन्य सरकारी निकायहरु सँग आवश्यक समन्वयात्मक कार्य अगाडि बढाइनेछ।

छवि लामा
अध्यक्ष

३२. पशुहरुको नश्ल सुधार गरि उत्पादन तथा उत्पादकत्व बढाउन कार्यक्रम सञ्चालन गरिनेछ।

३३. रेबिज रोग बाट अकालमा मानिस लगायत पशुहरुमा सर्न सक्ने रोगहरु बाट बचाउन कार्यक्रम सञ्चालन गरिनेछ।

३४. यस गाउँपालिका भित्र रहेका पशुजन्य वस्तुहरु लाई आकश्मिक रोगहरु बाट बचाउन खोप तथा आवश्यक औषधिहरुको व्यवस्था गरिनेछ।

३५. रासायनिक मलको वितरण लाई प्रभावकारी र सहज बनाउनका निम्ति प्रक्रियागत सुधार गरिनेछ।

३६. पशु बिमा लाई प्रोत्साहन गर्नका निम्ति गाई/भैंसी सुत्केरी भत्ता वितरण कार्यक्रम लाई निरन्तरता दिइनेछ।

**आदरणीय सदस्यहरु,**

३७. सहकारी तथा गरिबी निवारण व्यवस्थापन सम्बन्धी सूचना प्राणाली (COPOMIS) मा सबै सहकारी संस्थालाई समेटी वित्तिय लगायतका अन्य विवरणहरु अध्यावधिक गरिनेछ।

३८. सहकारी संस्थाको नियमन तथा निरिक्षण गरी समस्याहरुको पहिचान गरी, समान प्रकृतिका सहकारीहरु लाई एकिकरणमा जान प्रेरित गरिनेछ।

३९. सहकारी संस्थामा प्रविधिको प्रयोग गरी वित्तिय प्रयालिलाई चुस्त, दुरुस्त र पारदर्शी बनाइनेछ।

४०. समूदाय स्तरमा आउने न्यायिक समस्याहरु लाई आफ्नो क्षेत्राधिकार भित्र रहि समाधान गर्नका निम्ति वडास्तरीय मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ।

४१. महिला,बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक,समाजिक र राजनीतिक सशक्तिकरणलाई प्राथमिकता दिइनेछ।

**आदरणीय सदस्यहरु,**

४२. गाउँपालिका भित्रै रहि दिगो आर्यआर्जनको विकल्प विकास गर्नका निम्ति समय सापेक्षिक सिप विकास तालिम सञ्चालन गरिनेछ।

४३. गरिबी निवारणका निम्ति लघु उद्यम विकास कार्यक्रम लाई अझै प्रभावकारी ढंगले सञ्चालन गर्नका निम्ति आवश्यक सुधार गरिनेछ।

४४. संघिय सरकारले घोषणा गरेको रोजगार प्रवर्धन दशक लाई सहयोग गर्नका निम्ति आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ।

**आदरणीय सदस्यहरु,**

४५. सेवा प्रवाहमा प्रभावकारीता, जनमुखी नतिजामुखी सुचकमा आधारित तथा कार्यसम्पादनमा चुस्तता ल्याउनका निम्ति कर्मचारीहरु लाई प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ।

४६. नापी र मालपोत सेवा लाई एकिकृत गरी आगामी आर्थिक वर्ष देखि यसै गाउँपालिकाको कार्यालयबाट सेवा दिइनेछ र सो को लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्थापन गरिनेछ।

४७. सुचना प्रविधिको अधिकतम प्रयोग मार्फत विद्युतिय सु-शासन,सामाजिक न्याय र समृद्धि हासिल गर्नका निम्ति आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ।

४८. कर्मचारी क्षमता विकासका कार्यक्रमहरु बजेटमा समावेश गरी दक्ष सक्षम एवं कुशल मानव संसाधन बिकासमा जोड दिइनेछ।

छवि लामा
अध्यक्ष

४९. सांगठनिक सुधारका लागि संगठन तथा व्यवस्थापकिय गतिविधिहरु सञ्चालन गर्न आवश्यक कार्यक्रमहरुको व्यवस्थापन गर्ने तथा कार्यलयको ले-आउट लाई विशेष ध्यान दिइनेछ।

५०. कर्मचारीको क्षमता,रुची,शैक्षिक योग्यता र जोखिम वहनको क्षमताका आधारमा उचित पदस्थापन तथा जिम्मेवार बनाउन उचित कार्यवातावरण मिलाउन आवश्यक सहजिकरण गरिनेछ।

**गाउँसभाका आदरणिय अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

अन्त्यमा, लोकतन्त्रका संवाहक सम्पूर्ण राजनितिक दल तथा अथक योद्धा, राष्ट्रसेवक कर्मचारी, किसान, मजदुर, उद्योगी, व्यवसायी, नागरिक समाज,सञ्चारकर्मी लगायत यस वैतेश्वर गाउँपालिकाका दाजुभाई तथा दिदिबहिनीहरुमा यस निति तथा कार्यक्रम अनुसार, उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग मार्फत यस गाउँपालिकाको सर्वाङ्गीड विकासका लागि निरन्तर सहयोग र योगदानका लागि हार्दिक आव्हान गर्दछु। धन्यवाद।

छवि लामा
अध्यक्ष